संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

■ बर्ष-१५, ▸▸ अंक ३६४ ▸▸ साउन ७ बिहिबार,२०७८, July–22 Thursday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. १०/- www.majhkharka.com

## सर्टिफिकेट हरायो ।

मिति २०७७साल मंसिर २१ गतेका दिन सिवाईबाट बिराटनगर जाने क्रममा चौ.न.पा ५, सिवाई निवासि सुर्यबहादुर कटुवालको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८०३७९३६०७ मा सम्पर्क गरिदिन हुन अनुरोध छ ।

नोट - उचित पुरस्कारको ब्यावस्था गरिएको छ ।

## मुर्कुचीको स्वास्थ्य चौकी यस्तै हो

❖ बुद्धि कुमार राई

*रौतामाई, साउन ६*

उदयपुर जिल्लाको सदर मुकाम गाउघाटदेखि उत्तर - पश्चिममा रहेको ब्यापारिक मुर्कुची बजार गाईघाटदेखि १८ किलोमिटर दुरिमा पर्दछ । साउन ६ गते बुधबार बिहान स्वास्थ्य चौकी रहेको रौतामाई गाउपालिका - ७ मुर्कुची बजार ७ राजाबासमा सडकमुनि स्वास्थ्य चौकी लेखिएको बोर्ड देखियो । बुधबार इद पर्व भएकाले बन्द रहेछ कार्यालय । बिहान ९ बजेर ४५ मिनेट समयमा स्थानिय पबिमाया आले मगर सेवा लिन आइन् । कार्यालय बन्द भएकाले कार्यालय परिसर पछाडी निबास रहेका कार्यालय कर्मचारी आयर स्वास्थ्य चौकीको ढोका खोलेर सेवा दिए । सामान्य प्रेसर जाँच गरेर बाहिरिय पबि माया आले मगर । कार्यालय भित्र यति अब्यबस्थित




छ कि लाग्छ यो कुनै स्वास्थ्य सेवा दिने केन्द्र होइन । कुनै स्टोर रुम जस्तो । कार्यालय रहेको भबवको जस्ता चुहियर पानी कार्यालयभरी छताछुल्ल देखिन्छ । शौचालय हुनुपर्ने ठाउमा फोहोरका डङ्गुर, औषधी राख्नु पर्ने ठाउँमा लापारबाही तरिकाले औषधी देखिन्छ । कतिसम्म बेवास्ता छ भने बिरामीको सेवामा प्रयोग गरिएको पन्जा फोहोर भित्र नै छ । कार्यालय प्रमुख सिएमएअहेब अधिकृत तह छैठो श्याम साह कार्यालय बाहिर थिय । उनलाई कार्यालयको बारेमा जानाकारी लिन सम्पर्क गर्दा आफूले दुई बर्ष भयो त्यहाँ कार्यालय प्रमुख भयर काम गरेको । आफुले पटक - पटक वडाध्यक्ष उत्तर कुमार मगरलाई स्वास्थ्य चौकीको स्तर उन्नती - *बाँकी ३ पेजमा*

## चोमोलोङमाले प्रशिक्षण सुरु गरिन

❖ बेद कुमारी राई

*चौदण्डीगढी, साउन ६*

नेपाली महिला फुटबल टोलीको क्लोज क्याम्प बन्द प्रशिक्षणमा परेकी चौदण्डीगढी नगरपालिका ३ बसाहा हातिसारकी चोमोलुङ्गमा राईले राष्ट्रिय महिला फुटबल टिममा प्रशिक्षण काठमाडौमा सुरु गरेकी छिन् ।




एक महिना अघि राष्ट्रिय महिला फुटबल टोलीको ४५ सदस्यीय टिमको बन्द प्रशिक्षणमा परेका चोमोलोङमा राई असार २९ गते जन्मस्थान बसाहादेखि काठमाडौ गएकी हुन् । साउन ४ गते सोमबारदेखि उनले राष्ट्रिय टोलीका ४५ जना सदस्यहरुसँगै बन्द प्रशिक्षण सुरु गरेकी बताईन् । उनी भन्छन् कडा मेहनत गरिरहेको छु । प्रशिक्षणमा फुटबलका धेरै नयाँ तरिकाहरु सिकिरहेको बताईन् । ४५ जना रहेको बन्द प्रशिक्षणबाट केही हप्तामा पुन छनौट गर्ने योजना बनाईरहेको छ । त्यस छनौटमा आफु उदयपुरबाट पर्नको लागि कडा मेहनत गरिरहेको उनले बताईन ।

## काङ्ग्रेसी थारुहरु अधिबेशनमा होम्मिदै

❖ भाष्कर चौधरी

*चौदण्डीगढी, साउन ६*

नेपाली काङ्गेस को आसन्न १४ औं महाधिवेशन नजिकिदै गर्दा उदयपुरको थारुहरुमा पनि यश प्रती चासो बढेको छ । यसैलाई मध्यनजर गर्दै नेपाल थारु संघ जिल्ला कमिटी उदयपुरले आज एक अन्तर्कृया कार्यक्रमको आयोजना गरेको थियो ।

पार्टीमा आस्थावान उदयपुरको तिनै पालिका का थारुहरु लाई उपस्थितिका लागि पायक पर्ने गरि चौदन्डीगढी नगरपालिका वडा नम्बर -९ को पश्चिम् टोल ज्यामिरेमा उक्त कार्यक्रम को आयोजना गरिएको संघ का जिल्ला उपाध्यक्ष राकेश हुजदारले बताए ।

नेपाली काङ्गेस को बिधान तथा आउदो अधिबेशनमा थारुहरुको सहभागिता कसरी गराउन सकिन्छ भन्ने बारे नेपाली काङ्गेस जिल्ला कमिटी सदस्य तथा नेपाल थारु संघका सल्लाहकार महेन्द्र प्रसाद



चौधरीले भएको थियो ।

नेता सत्यनारायण चौधरीले कार्यक्रममा बोल्दै थारुहरु अहिलेसम्म अरुको लागि भोट बैकको रूपमा मात्र प्रयोग भएको र पछि तिनीहरु बाटै अपहेलित हुनु परेको भन्दै सबै तह र तप्काका समाबेशी( आरक्षण )कोटाको मात्रै आस नगरेर खुल्ला प्रतिस्पर्धाको पदहरुमा पनि उम्मेद्बारी दिन तयार हुनु पर्ने बताए । कार्यक्रममा पुर्व सभासद शान्ति देबि चौधरी ,त्रीयुगा नगर उप प्रमुख देबि कुमारी चौधरी ,समुन्द्री चौधरी ,सत्यनारायण चौधरी ,सुमन कुमार चौधरी ,गौरी नारायण चौधरी ,लक्ष्मी कुमारी चौधरी ,देव नारायण चौधरी ,भवन चौधरी लगायतले आफ्ना धारणा राखेका थिए ।नेपाल थारु संघको आगामी कार्यदिशा तथा महाधिवेशन लक्षित रणनीति बारे छलफल गर्दै संघका जिल्ला अध्यक्ष डाक्टर भोगेन्द्र प्रसाद चौधरीको अध्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## नारायणी ग्याँस

### गाईघाट,डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्ट मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

मुर्कुची.......




गर्नको लागि माग गरेको भए पनि कुनै सुनुवाई नभएको दुखेसो गरे। कार्यालय यति अव्यबस्थित छ कि लाग्छ त्यो कार्यालयमा कार्यरत ७ जना कर्मचारी त्यहाँ काम गर्दैनन् । कार्यालय प्रमुख श्याम साहको यस्तो कुरा सुनेपछि रौतामाई गाउँपालिका ७ का वडाअध्यक्ष तथा स्वास्थ्य चौकी संचालक समितिका अध्यक्षा उत्तरकुमार मगर भने आफु कहाँ यस बारेमा कुनै योजना माग नगरिएको जवाफ फर्काए।

कार्यालय प्रमुख श्याम साहको नेतृत्वमा स्वास्थ चौकी मुर्कुचीमा ८ जना कर्मचारी कार्यरत छन्। कार्यालय प्रमुख एनम सिएमए शाखा अधिकृत छैठो श्याम साह, सरोज राई, श्रेया राई, मञ्जु मगर , सुमित्रा विक, रोशण मगर, गोमा तामाङ, धनबहादुर खड्का कार्यरत छन्। स्वास्थ्य चौकीको ढोका ढलेको छ, ढोका नहुँदा गाई, भैंसी, बाखाको चरिचरण भएको छ स्वास्थ्य चौकी ।

कर्मचारिको लापारबाही र जनप्रतिनिधिको बेबास्ताको कारण मुर्कुचीमै हुने सामान्य उपचारको लागि स्थानीय गाउँलेहरु सदरमुकाम गाईघाट सम्म आउन बाध्य भएका छन । स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीलाई कायालय प्रमुखले आफ्नो जिम्मेवारी बहन गर्न नसक्दा यस्तो अबस्था आएको हो । कार्यालय परिसरमा रहेको स्वास्थ्य चौकीको मुख्य गेटको ढोका समेत लगाउन सक्दैनन् कार्यालय प्रमुख, वडाध्यक्ष, कार्यालय कर्मचारी ? कार्यालय परिसरभित्र पानी चुहिएर आहाल छ । औषधीहरु रखाई हेर्ने हो भने कुनै जिम्मेवारी छैन । सरकारी काम कहिले जाला घाम भने सरह छ । कर्मचारी विदा हुन साथ सदर मुकाम घर कुलेलाम ठोक्छन्। होइन के हो रौतामाई ७ को वडाध्यक्षको काम ? स्वास्थ्य चौकीमा मानिस बिरामी निको भएर होइन झन बिरामी भएर फर्कने अबस्था छ । वडाध्यक्षा, कार्यालय प्रमुख र कर्मचारी गैरजिम्मेवार भएको देखिन्छ । कार्यालयको मुख्य गेट भत्किएर भुँईमा बेबारिसे अबस्थामा छ । गाईभैसी,गोरु, बाखा कार्यालय परिसरभित्र छिरेर चर्छन । कर्मचारीलाई स्वास्थ्यचौकी होकी चरिचरण हो छुटयाउन हम्मे परेको छ।

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा ।
ब्यबस्थापक – ९८४२९८५१८८, ९८०३७२७८८०

गाईघाटे सेकुवा कर्नर...



सम्पर्क – ९८६२९३६१९०
९८१९७४५०६७
स्थान – गाईघाट टेम्पुचोक

# मनकारी कटारीका ट्राफिक प्रहरी

❖ मुलुकी संवाद्दाता

*कटारी, साउन ६*



पहिले प्रहरी भन्ने बित्तिकै डर लाग्थ्यो तर आज आफुलाई समस्या परेको बेला प्रहरीले नै गरेको सहयोग देखेर प्रहरीहरु निकै सहयोगी हुदारैछन् भन्ने थाहा पाए, यो भनाई ओखलढुङगा हिडेकी एक बृद्ध आमाको हो ।

गाडी चड्ने पैसा नभएकै कारण गाडीले गन्तव्य सम्म पुराउन नमान्दा ओखलढुंगा सम्म हिडेकी एक बृद्ध आमा कटारीको सडकमै घण्टौं देखि अलपत्र अवस्थामा थिईन् । घण्टौं सम्म सडको छेउमा बसेर गाडी रोक्दै आफुलाई ओखलढुंगा पुराईदिन अनुरोध गरिरहिन् तर कुनै पनि गाडीले लान मानेन्। कुनै पनि गाडीले लान नमाने पछि अलपत्र अवस्थामा रहेकी ती आमालाई डिउटिमा खटिरहेका स्थाइ ट्राफिक प्रहरी पोष्ट कटारीका ट्राफिक हवल्दार चन्द्र श्रेष्ठ लगायतका ट्राफिकहरुले सोधपुछ गर्यो । ती आमा सँग गाडी भाडा थिएन रहेछ भडा नभएकै कारण ओखलढुंगा हिडेकी ती आमालाइ कुनै पनि गाडीले लान नमानेको बुझियो । आमाको त्यो समस्या पत्ता लाग्ने बित्तिकै पछि ट्राफिक प्रहरीले नै ती आमालाई गन्तव्य सम्म पुराउन मदत गरे।

ओखलढुंगा गईरहेको एउटा सुमो रोकेर ती आमालाई गन्तव्य सम्म पुराउन चालक सँग हवल्दार श्रेष्ठले अनुरोध गरे। ट्राफिकको यो अनुरोधलाई स्वीकारर्दै चालकले पनि आमालाई गन्तव्य सम्म पुराउने प्रतिबद्धता व्यक्त गरे

सामान्य जानकारि पाए अनुसार ती आमाको कोहि आफन्त नभएको र पहिले सुन कोशी वारी पारी भारी बोकेर जिविको पार्जन गर्दै आएको भन्ने बुझिएको छ । ओखलढुंगाको हर्कपुर सम्म हिडेको बताउने ति आमालाई थुप्रै गाडीले पैसा नभएकै कारण लान नमानेको भन्ने बुझियो ।

मानवले मानवलाई सहयोग नगरे अरुले त कस्ले गर्छ र ? चाहे कमाउने पेशामा रहेको कुनै पनि सावारी र अन्य क्षेत्र किन नहोस्। आपत विपद र समस्यामा त सहयोग गर्नु पर्थ्यो । जस्ले आमालाई सहयोग गरेन ती सवारीहरु पैसाको पछि लागेर मानवता गुमाउन पछि परेन । समस्यामा तपाई हामि सबै एक जुट हौं ।

हामि सम्पूर्ण मानव कर्तव्यका व्यक्तिहरुबाट मानवीयताको खानी ती ट्राफिक प्रहरी र सहयोगी चालकलाई रिदयबाटै धन्यवाद व्यक्त गर्न चाहान्छौ । सहयोग गर्ने मौका बारम्वार आउँदैन सहयोग मानव व्यक्तिको ठुलो अवसर र पहिचान सँगै मानवियता पनि हो। तपाई हामि सबै सँग मनवताको विकल्प हुन्छ तर खाली मन मात्रै हुनु पर्छ। यो समचार हामिले पत्रकार अभिलामेछ्यानेको फेसबुक स्टाटस, भिडियो र उनि सँगको फोन वार्ताबाट तयार पारेका हौं। ती आमाको नाम र उमेर भने पत्ता नलागेको जानकारी गराउँदछौ ।

बिके किराना पसल




३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

*प्रोपाइटर* - भरत चामलिङ राई

# पाह्ना कतार क्वाटर फाइनलमा

❖ बिबेक राई

**गाईघाट, साउन ६**

निम्तो पाएर पाहुना टोलीको रुपमा सहभागि भएको कतार कनकाकाफ गोल्डकपको क्वाटरफाइनल पुग्न सफल भएको छ। समुह डी मा जीत्नैपर्ने दबाब भएको आफ्नो अन्तिम खेलमा होण्डुरसलाई २-० ले हराउँदै कतार शिर्ष आठ अर्थात क्वाटरफाइनल पुगेको हो। कतारलाई जीत्नैपर्ने दबाब भएपनि होण्डुरसले यसअघिका दुई खेल जीतेर क्वाटरफाइनल पक्का गरिसकेको हुनाले हारपश्चात पनि होण्डुरस समुह उपविजेता बन्दै क्वाटरफाइल पुगेको छ।

कतारलाई जीताउन २५ औं मिनेटमा डिफेन्डर होमाम अहमेद र ९० मिनेटपछिको इन्ज्यूरी समयको पाँचौं मिनेटमा मिडफिल्डर अब्दुलाजिज हातेमले एकएक गोल गरे। ४१ औं मिनेटमा पाएको पेनाल्टीमा गोल गर्न सकेको भए कतारको जीत ३-० को हुने थियो। होण्डुरसका अहिलेको टोलीमा सबैभन्दा अनुभवि १७० क्याप जीतेका कप्तान एवम् डिफेन्डर मेनर फिगोराले कतारका डिफेन्डर अब्दलकरिम हसनलाई फाउल गरेका थिए। त्यसपछि अमेरिकाका रेफ्री जायर मस्टोले कतारलाई पेनाल्टी दिएका थिए।

पेनाल्टीमा अक्रम अफिफको प्रहारलाई होण्डुरसका गोलरक्षक लुइस लोपेजले रोकिदिएका थिए। त्यसपछि आएको रिबाउण्ड बलमा होण्डुरसका पहिलो गोलकर्ता अहमेदले लगत्तै गरेको प्रहारलाई लोपेजले पक्रेका थिए। खेलपछि होण्डुरसका गोलरक्षक लोपेज नै म्यान अफ द म्याच चुनिए। खेलअवधिभर कतारले ४१ प्रतिशतमात्र बल नियन्त्रणमा लिँदा होण्डुरसले ५९ प्रतिशत बल नियन्त्रणमा लिएपनि खेल जीत्न सकेन। होण्डुरस ४-२-३-१ र कतार ५-३-२ को रणनीतिमा मैदान उत्रिएको थियो।

अमेरिकामा जारी प्रतियोगितामा सहभागि १६ राष्ट्रमध्ये १५ राष्ट्र छनौट प्रक्रियामार्फत सहभागि भएको होभने कतार चाँहि पाहुना टोलीको निम्तो पाएर सहभागि भएको हो। एएफसी एसियन कपको गत संस्करणको विजेता र वर्ल्डकपको आँउदो संस्करणको आयोजक भएको नाताले कतारले यसपालिको कनकाकाफ गोल्डकपमा पाहुना टोलीको निम्तो पाएको हो। पहिलो सहभागितामा नै कतार क्वाटरफाइनल पुग्न सफल भएको छ। उसो त कतारको होण्डुरससँगको भेटपनि पहिलो हो।

कतारलाई समुह चरण पार गर्न कम्तीमा बराबरी आवश्यक्ता थियो तर जीत नै हातपाऱ्यो। कतार पराजित भएको खण्डमा समुह डी बाट क्वाटरफाइनलको लागि पानामाले मौका बनाउन सक्थ्यो। समुह डी कै अर्को खेलमा पानामाले ग्रेनाडालाई ३-१ ले पराजित गऱ्यो। उता कतारले जीत हात पार्दै जम्मा सात अंक जोडेपछि यता पानामाले जीत हातपारेपनि चार अंकमात्र बनाउन सक्यो। उता कतारले हारेको भए र यता पानामाले जीतेको भए गोलअन्तरमा कतारलाई पछि पार्दै पानामा अघि बढ्न सक्थ्यो।

तर पानामाको भन्दा कतारको नै अघि बढ्नुसक्ने मौका बढि थियो। पानामालाई जीत्नैपर्ने र कतारभन्दा बढि गोलअन्तरको खाँचो थियो। कतारलाई भने सके जीत नसके कम्तीमा बराबरीले पनि क्वाटरफाइनल लाने गणित थियो। वा कतार पराजित हुँदापनि पानामाको भन्दा राम्रो गोलअन्तर भएको खण्डमा अघि बढ्ने सम्भावना थियो। समुह विजेता बन्दै क्वाटरफाइनल पुगेको कतारले समुह ए को उपविजेता इल साल्भाडोरसँगको भेट पक्का गरेको छ।

बुधबार नै भएको समुह सी को अन्तिम दुई खेलमा कोस्टा रिकाले जमैकालाई १-० र सुरिनामले ग्वाडलपलाई २-१ ले हराए। सुरिनाम र ग्वाडलेप यसअघि नै प्रतियोगिताबाट बाहिरिसकेको हुनाले यी दुईको खेल औपचारिक मात्र थियो। कोस्टा रिका र जमैकाले भने यसअघि नै क्वाटरफाइनल पक्का गरिसकेका थिए। त्यसैले यी दुईको खेल समुह विजेता छिनोफानोको लागिमात्र थियो। ५३ औं मिनेटमा कोस्टा रिकाको ब्रयान रुइजले गोल गर्दै आफू म्यान अफ द म्याच हुँदै टोलीलाई जीत दिलाउँदै समुह विजेता बनाउन सफल भए।





त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटर:- **बिनोदकुमार पाण्डे**
सम्पर्क:- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडि रिर्जभ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२





## प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४




प्रोपाइटर - कैलाश चामलिङ राई।
सम्पर्क - ९८६२८३४६५६



माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट